बाइबलका
शिक्षाहरुको श्रेणी



पवित्रआत्माको
कार्यको
बारेमा
स्व.अध्ययन
पाठ्यक्रम

# तपाई फेरि जन्मिनै पर्दछ

# तपाई फेरि जन्मिनै पर्दछ

पवित्रआत्माको कार्यको बारेमा स्व.अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

मुलपाठ सेवकहरुको संस्थागत समुदायको आज्ञाले विशेष विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडद्धारा उत्पादन गरिएको हो ।

कपिराईट © २००९
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्धारा मुलपाठ अनुकरण ।

प्रकाशन २००२
नेपालीमा प्रकाशन २००९

रंगिन तथा सादा दृष्य ग्लेन मार्यसको कार्यहो । ग्लेन मार्यसको दृष्यहरुको अधिकार नर्थ वेष्टर्न पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।
धर्मग्रन्थ पवित्र बाइबल  न्यु इन्टरनेसनल रिर्डस भर्सन बाट लिइएको हो । कपिराईट © १९९६ १९९८ इन्टरनेसनल बाइबल सोसायलीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक ११

# विषय सुची


| | | |
|---|---|---|
| प्रारम्भमा | | १ |
| अध्याय एक | जन्म पहिलो पटक | ३ |
| अध्याय दुई | फेरि जन्मनु | १८ |
| अध्याय तीन | जिवीत रहनु | ३२ |
| अध्याय चार | बिश्वासको नयाँ जीवन जिउनु | ४६ |
| अध्याय जाँचको उत्तरहरु | | ६० |
| अन्तिम परिक्षा | | ६४ |
| शव्दावली | | ६५ |

# प्रारम्भमा


यो पुस्तक परमेश्वरको पवित्रआत्माको बारेमा हो र कसरी उहाँले हामीलाई इसाई बनाउनुहुन्छ र हामीलाई इसाई बिश्वासमा राखिरहनुहुन्छ भन्नेबारेमा हो ।

प्रत्येक अध्याय सानो तारा * ले संकेत गरेको उद्धेश्यहरुको सुचिबाट सुरुहुन्छ । ति उद्धेश्यहरुले तपाई त्यो पाठमा के सिक्दैहुनुहुन्छ भन्नेकुरा बताउनेछन् । जब तपाईले केहि पाठहरु पढनुहुनेछ र प्रश्नको उत्तर लेख्नुहुनेछ । अध्यायको अन्तमा एउटा जाँच छ, जाँचमा तपाईले अध्ययन गरेका पाठहरुबाट मात्र प्रश्न सोधिएकोछ ।

जब तपाई प्रश्नहरुको समुहको उत्तर लेखिसक्नुहुन्छ, तपाईलाई दिइएको पेजमा गएर तपाइ आफ्नो उत्तरहरु जाँच्नसक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पेजको सबभन्दामुनि प्रश्नहरुको उत्तरहरु पाउनुहुनेछ । तपाइका उत्तरहरुलाई होसियारीपूर्वक जाँच्नुहोस । तर्पाइले कुनै तृटि गर्नुभएको छ भने सच्याउनुहोस । अर्को अध्याय पढन सुरु गर्नु भन्दा पहिले सबै उत्तरहरु जानिराख्न निश्चित हुनुहोस ।

पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले यो जाँच पूरागर्नु भन्दा पहिले अध्यायका जाँचहरुलाई दोहरयाउनुहोस । जब तपाई अन्तिम जाँच पूरागर्नुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई यो पुस्तकको अन्तिम परिक्षापत्र बुझाउनुहोस वा यस पुस्तकको पछाडि छापिएको ठेगानामा पठाईदिनुहोस ।

जब तपाई फेरि जन्मिने कुराको बारेमा अध्ययन गर्नुहुन्छ परमेश्वरले तपाईलाई सहायता गरुन ।



येशूले निकोदेमसलाई उ फेरि जन्मिनु पर्दछ भन्नुभयो.



### अध्याय–एक

# जन्म: पहिलो पटक

जब एकरात येशू येरुशलेम शहरमा हुनुहुन्थ्यो, उहाँलाई भेटन एकजना मानिस त्यहाँ आएको थियो । त्यो मानिसको नाम निकोदेमस थियो । ऊ चाहिं यहूदीहरु मध्ये एक जना अगुवा थियो । ऊ येशूसँग कुरागर्न चाहन्थ्यो । येशूले जे सिकाउन भयो त्यसको बारेमा सिकाउनु हुन्छ सिक्न चाहन्थ्यो । उसलाई देखेर येशू छक्क पर्नु भयो । येशूले तिनीलाई जवाफ दिनुभयो ।“साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन”।( यूहन्ना ३:३)

त्यो तपाईको हातमा भएको पूस्तकले येशूले भन्नु भएको कुराको अर्थको व्याख्या गर्दछ । बाइबलले हामीलाई नयाँगरी जन्मिनु पर्दछ, भन्ने कुरा सिकाउँदछ । जसरी येशूले भन्नु भयो, नयाँगरी जन्मिनु आवश्यक छ । यदि तपाई नयाँगरी जन्मिनु भएन भने स्वर्गमा प्रवेश गर्न सक्नुहुँदैनन् । अब यो कुरा सुनेर मानिसहरु छक्क पर्छन होला ? किन त्यो व्यक्ति फेरि जन्मिनु पर्दछ ? पहिलो पटक जन्मिएकोमा के गल्ती छ ? यो अध्यायको अन्त्यमा हामीहरु त्यो प्रश्नको उत्तर दिन सक्नेछौ । यो अध्यायको अन्त्यमा तपाई योग्यको हुनुहन्छ ।

- कसरी हामी जन्मदेखि नै मृत छौ
- कसरी हामी जन्म देखि नै अन्धा छौ
- कसरी हामी जन्मै देखि नै परमेश्वरका शत्रुहरु हौ ।
- किन हामी आफैलाई बचाउन सक्दैनौ ।

जब एउटा सानो बालक जन्मन्छ, ऊ पूर्णरुपमा निर्दोष देखिन्छ । जब ऊ आफ्नो विस्तरामा सुतिरहेको हुन्छ । ऊ एकदमै सानो स्वर्गदूत जस्तै देखिन्छ । (जब उसले आफ्ना आमा–बुबालाई राती २ बजे जाने कुराको लागि उठाउँछ अनि त्यो अर्को

कुरा हो ) नयाँ जन्मिएको बच्चासंग केहि दोष छ भनेर विश्वास गर्न एकदमै अप्ठेरो छ ।

तर बाइबलले हामीलाई भन्दछ त्यहाँ केहि कुरा गल्ती छ । येशूले निकोदेमसलाई केहि कुरा भन्नुभयो ,जसले सिद्ध अर्थ दिन्छ । "शरीरबाट जन्मिएको शरीर हो ...."। ( यूहन्ना ३:६) अर्को शब्दमा भन्नुपर्दा मानव जातिले मानवजातिलाई नै जन्माउँछन् । किनकि तिनीहरुले कुकुर ,बिरालो अथवा स्वर्गदूतलाई जन्माउदैनन् । साना मानव बालकहरु पापपूर्ण-स्वाभावमा जन्मन्छन् ।

यदि तपाई देख्नुहुन्छ कि हाम्रा आफ्नै आमा-बुबाबाट हामीमा पैतृक पाप आउँछ । जसरी हामी आफ्ना माता-पिताबाट छालाको रङ्ग,कपालको रङ्ग, आँखाको रङ्ग जस्तै वंशानुगत गुणहरु प्राप्त गर्दछौ, त्यसरी नै पाप पनि हामीमा आउँछ । बाइबलका एकजना लेखक दाऊद राजाले भनेका छन । "साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ ।"(भजनसंग्रह ५१:५) हामी यसलाई भयानक पैतृक पाप भन्दछौ । यो हाम्रो जन्मदेखि नै हामीमा आएको पापपूर्ण स्वाभाव हो । किनभने हाम्रा पुर्खाहरु हजूरबुबा, हजूरआमादेखि आदम र हब्बा सम्मै पुग्छ ।

१. नयाँ जन्मिएको बालक निर्दोष र पाप नभएको जस्तो देखिन्छ तर तिनीहरु ............ मा जन्मिएका हुन्छन् ।

२. येशूले भन्नुभयो पापी मानिसले ................ मानिसको जन्माउँछ ।

३. राजा दाउदले भने, हामी आमाको .............. देखि नै पापी छौं ।

४. हामी यो पाप ................. र ................ बाट पैत्रृकरुपमा प्राप्त गर्दछौं ।

५. हामी यो पैत्रृक पापलाई ................. ............... भन्दछौं । ( दुई शब्द)

तपाईका उत्तरहरु पेज नं. १६ मा हेरेर जाँच्नुहोस ।

बाइबलले हाम्रो प्रारम्भिक पापलाई धेरै तरिकाले व्याख्या गर्दछ । यसले धेरै शाब्दिक चित्रको प्रयोग गर्दछ । यसको बारेमा हामी एफिसीको पत्र २ अध्यायको १ पदमा लेखिएको पाउँछौं ।“ तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो ।” परमेश्वरको व्यवस्था अनुसार पाप गर्नु चाहिँ मर्नु जस्तै हो ।
यसको मतलव यो होइन कि हाम्रो शरीर मरेको छ । एउटा बालक निश्चित रुपमा आफ्नो शरीरमा जीवित हुन्छ । तर ,हाम्रो आत्मा र मन मरेको हुन्छन । जब हामी मरे पछि पनि त्यो भाग जीवित

रहन्छ ,जसलाई हामी आफ्नो हाम्रो आत्मा भन्छौ । यो चाँहि हामी गर्भमा रचिने बेला देखि नै पापमा मरेको छ । आत्मिक रुपमा मर्नु चाँहि आफैले आफुलाई बचाउने आशाको नाश हुनु हो । हामी इसाई हुने निर्णय गरेर बचाउने कार्य धेरै सजीलो हुन्छ भनेर सोच्न सक्छौ । यदि हामी एक दिन बिश्वसी हुन चाहने निर्णय गर्दछौ भने तक किन हामी बिश्वासी भएर आफैलाई बचाउन सक्छौ । तर बाइबलले हामीलाई त्यसरी आफ्नो सोच्न दिँदैन । यदि हामी आत्मिकिरुपमा मरेकाछौ भने,त्यसपछि हामीसंग इसाई हुने कि नहुने भन्ने बारेमा आफ्नो छनौट हुदैन् । तर मृत्यु शरीरलाई जीवित पार्ने कि मूर्दा नै राख्ने आफ्नो इच्छा हुन्छ । मृत मानिस बौरी उठ्ने निर्णय गदैनन् र तिनीहरु के हि गर्दैनन् । । तिनीहरु मरिसकेका हुन्छन ।

हो केहि मानिसहरुले दश आज्ञा पालन गर्ने प्रयास गर्दछन् तर अरुले गर्दैनन् । केहि मानिसहरु अरुको जीवन भन्दा राम्रो जीवन जिउँछन् । तर इसाई हुने कुरा यस्तो छैन् । तर भित्र गहिराईमा परमेश्वरले देख्नुहुन्छ कि तिनीहरु पापी छन ।तिनीहरु पापमा मरेका कारणले तिनीहरु जीवनमा आउने निर्णय गर्न सक्दैनन् । तिनीहरु आफ्नै प्रकारले इसाई हुन सक्दैनन् ।

६.बाइबलले भन्दछ कि हामी पापमा ............. छौ र व्यवस्था बाट बाहिरिएका छौ ।


७. हामी आत्मिकी रुपमा मरेको कारणले हामी .............. हुने निर्णय गर्न सक्दैनौ ।

८. परमेश्वर सबैथोक देख्न सक्नुहुन्छ ,तिनीहरु अरुको भन्दा असल जीवन जीउन सकून वा नसकून तिनीहरु ............... छन् ।

पेज नं. १६ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

जन्मदाँखेरी नै हाम्रो पापी अवस्थामा थियो भनेर बाइबलले हामीलाई अर्को प्रकारले बताउँदछ । यसले भन्दछ कि हामी आत्मिकी रुपमा अन्धा छौ । बाइबलका लेखकहरु मध्य एकजना पावलले यसलाई यसरी भन्दछन ।"तिनीहरुका विषयमा भनौ भने ख्रीष्ट, जो परमेश्वरको रुप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरुले नदेखून् भनेर यस संसारको देवले अविश्वासीको सम्झलाई अन्धो तुल्याइदिइएको छ । (२कोरिन्थी ४:४)

अर्को ठाउँमा परमेश्वरले यसरी मानिसको बारेमा गुनासो गर्दैहुनुहुन्छ ।"हे मानिसको छोरो, तँ एउटा बागी घरानाको बीचमा बस्दैछस्,जसका हेर्ने आँखा त छन् तर देख्दैनन्, जसका सुन्ने कान त छन् तर



मरियमले बालक येशूलाई लुगाले बेह्रिन र डुँडमा सुताईन ।

सुन्दैनन् । किनभने तिनीहरु बागी मानिसहरु हुन् ।" ( इजकिएल १२:२) ।

हामी भौतिकी कुराहरुलाई हाम्रो शारीरिक आँखाले देख्नसक्छौ तर हाम्रो आत्माको लागि महत्वपूर्ण कुरा चाहिँ हामी देख्नसक्दैनौ । जस्तै: येशू ख्रीष्ट । चित्र यस प्रकार छ: परमेश्वरले हाम्रा सामु महान उपहार उहाँको पुत्र येशू ख्रीष्टलाई राखिदिनु भएको छ, । उहाँ मात्र एउटा हाम्रो आशा र हाम्रा पापहरुबाट बचाउने मुक्तिदाताको रुपमा निर्दिष्ट हुनुभयो । तर हामी पापी स्वाभावमा जन्मेका कारण उहाँलाई हामीले चिन्न सकेनौ । हामीले उहाँलाई देखेनौ र आफ्नै प्रकारले उहाँ कहाँ जान सकेनौ ।

त्यसैले पाावल भन्दछ्न । विश्वास नगर्नेहरुका आँखा चाहिँ शैतानले अन्धो तुल्याइदिइएको छ । शैतानले हाम्रो आफ्नै पापलाइ हाम्रौ विरुद्धमा प्रयोग गर्दछ । उसले यसलाई हाम्रा येशूलाई हेर्ने आँखा अन्धा तुल्याउन प्रयोग गर्छ ।

९. बाइबलले हामी जन्मदै आत्मिकी ..................... छौ भन्दछ ।
१०.यो अन्धोपन हाम्रा .............. कारण ले हुन्छ ।

११. ............ ले हामीलाई येशूमा आउन नदिन यो अन्धोपनको प्रयोग गर्दछ ।
पेज नं. १६ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

बाइबलमा अझै एउटा शब्द छ जसले हामी पापी हौ भन्ने चित्रण गर्दछ । यो यि पदहरुमा पाइन्छ । "किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुदैन, नता त्यो कहिले हुन सक्छ ।"( रोमी ८:७) अर्को शब्दमा भन्नुपर्दा हामी हाम्रो पापपूर्ण स्वाभावले गर्दा जन्मने बितिकै हामी परमेश्वरको शत्रु भएर जन्मेका छौ । किनकी हामी पापपूर्ण छौ ।

"एकछिन रौकौ" कसैले भन्छ होला ? "म चाहिँ विचार गर्छु धेरै मान्छेहरु परमेश्वरको पक्षमा हुन चाहन्छन् । ऐतिहासिक कालदेखि नै मा मानिसहरु परमेश्वरलाई खोजीरहेका हुन्छन । हुनसक्छ, तिनीहरु गलत ठाउँमा खोजीरहेका हुन्छन र झुठा परमेश्वरको आराधना गर्दै समाप्त भएका छन् तर तिनीहरु उहाँको शत्रु बन्न चाहन्छन जस्तो लाग्दैन् ।"
तर एकछिनको लागि झूटा देवताहरुको बारेमा सोच्नुहोस । मानिसहरु त्यहाँ के को लागि जान्छन । किनभने तिनीहरुल साँचो परमेशवर सित केहि

सम्बन्ध गर्न चाहदैनन् । उहाँले तिनीहरुलाई आज्ञाहरु दिनुभयो, तिनीहरु पालन गर्न चाहदैनन् । तर तिनीहरु जहिले पनि झूटो देवताहरुलाई खोजीइरहेका हुन्छन । जसले तिनीहरुलाई जे चाहन्छन् त्यही गर्न दिन्छ । उदाहरणको लागि: धेरै झूटो देवताले प्राचिन समयमा तपाईले चाहानु भएको जो सुकै सित पनि शारीरिक सम्बन्ध राख्न सक्नुहुन्छ भन्दथे ।

साँचो परमेश्वरले भन्नुहुन्छ, जससंग तिमीले वैवाहहिक सम्बन्ध गाँसेकाछौ उसैसंग मात्र शारीरिक सम्बन्ध राख । यदि तपाईलाई परमेश्वरले भनेका कुरा ठीक लागेन भने तपाई अर्के देवताहरुलाई खोज्न जानुहुन्छ । त्यसले देखाउँछ, तपाईले वास्तविक परमेश्वरको बिरुद्धमा हुनुहुन्छ । यो सम्झनुहोस: हामीले गर्ने प्रत्येक पाप परमेश्वरको बिरुद्धको बिद्रोह हो । उहाँले हामीलाई केहि नगर भन्नुहुन्छ, तर हामी त्यसलाई जुनसुकै तरिकाले भएपनि गर्ने निर्णय गर्छौ । तर त्यसो गरेर हामीले परमेश्वर सित मित्रता गाँसे जस्तो देखाउँदैन् हैन र ? व्यक्तिले गरेरको प्रत्येक पाप परमेश्वर को बिरुद्धको दुशमनी हो ।

पापी मानिस परमेश्वरका शत्रु भएकोले परमेश्वरको पुत्र येशू देखि पनि खुशी हुदैनन् । स्वाभावले नै मानिसले उहाँलाई घृणा गर्दछन् भन्ने कुरा मानिसलाई देखाउनको लागि येशूले कथा सुनाउनु भयो । यसमा

परमेश्वरलाई एउटा दाखबारीको खेती गर्ने किसान रुपमा चित्रण गरिएको छ । उसले यसलाई केहि मानिसहरुलाई भाडामा दियो । उसले आफ्नो छोरालाई भाडाको पैसा संकलन गर्न पठायो । यि मानिसहरुले मालिकको छोरोलाई मारिदिए किनकी उनीहरुले मालिकलाई घृणा गर्दथे ।
जब येशू यस संसारमा आउनुभयो । धेरै मानिसहरुले उहाँलाई मन पराएनन् । यहूदीहरुको अगुवाले उहाँलाई मन पराएनन् र अन्त्यमा तिनीहरुले उहाँलाई मारे । तिनीहरुले किन येशूलाई मन पराएनन ? तिनीहरु पापी थिए र तिनीहरुले येशू माथि विश्वास गर्न चाहन्दैन्थे ।

१२. बाइबलले भन्दछ कि जन्म देखि नै हामी परमेश्वरका .................... छौ ।
१३. प्रत्येक समय ............... गरेर हामी परमेश्वरका शत्रुहरु हौ भन्ने हामीले प्रमाणित गरेका छौ ।
१४................ देवताहरुको पुजागर्नेहरुले पनि यस्तै गर्दछन् किनभने तिनीहरुले परमेश्वरलाई भन पराउँदैनन् ।
पेज नं १६ मा तपाईका उत्तरहरु जाँच्नुहोस ।

त्यसो भए हामी के हौ ? बाइबलले भन्दछ जन्मेको अवस्था देखि नै हामी सम्पूर्णरुपमा पापी हुन्छौ । त्यसकारण हामी पापपूर्ण स्वाभावमा भएर पापमा मरिरहेका हुन्छौ । त्यसैले गर्दा पापमा अन्धो र परमेश्वरको शत्रु हुन्छौ भनेर यसले बताउँदछ । यदि त्यो साँचो भए हामीले आफैलै इसाई हुने त्यहाँ कुनै उपाय छैन् । अरु मानिसहरुले हामीलाई इसाई हुनलाई मनाउने कुनै उपाय छैन् । कुनै व्यक्तिले यस्तो गर्छु भनेको मरेको मानिस उठेर हिड्न थालेको जस्तै हो वा उसले कुनै अन्धा मानिसलाई नक्सा देखाए जस्तै हो । उसले कुनै व्यक्तिलाई उसको धेरै दुश्मनी भएको व्यक्तिलाई मित्र बनाउछु भन्नु जस्तै हो । इसाई हुन धेरै गाह्रो छ । वास्तवमा हामी आफैले इसाईहुन असम्भव छ । तर यो परमेश्वरको लागि असम्भव छैन । यसको बारेमा अर्को अध्यायमा छ ।

## अध्याय एकको समालोचना

निकोदेमस नाम गरेको एउटा व्यक्तिले येशूलाई उहाँको शिक्षाको बारेमा सोध्यो र येशूले उसलाई भन्नु भयो, मानिसले "स्वर्गमा प्रवेश" गर्नलाई फेरि जन्मनु पर्दछ । उहाँले भन्नुभयो तिमी कसरी पहिलो पटक जन्मिदा पापपूर्ण स्वाभावमा जन्मियौ । तिमी पनि तिम्रा आमा बुवा जस्तै पापी छौ । पूर्खाहरुबाट तिमीमा पाप सरेको छ । त्यो पापलाई हामी प्रारम्भिक पाप भन्दछौ ।

यो सबै आदम र हव्वा बाट शुरु हुन्छ । जो चाहिँ पहिलो मानव जाति थिए तिनै पहिलो पापीहरु थिए । प्रारम्भिक पापको परिणामस्वरुप हामी आत्मिकी रुपमा मृत जन्मिन्छौ । जस्तै मृत अवस्थामा भएको शरीर आफैले केहि कुरा गर्न सक्दैन । हामी आफैलाई पापबाट बचाउन सक्दैनौ र हामी आफै इसाई हुने निर्णय गर्न सक्दैनौ । हामी आत्मिकी रुपमा अन्धा भएर जन्मिन्छौ । परमेश्वरले हाम्रो सामु आफ्नो एक्लो पुत्रलाई मुक्तिदाता हुनलाई राख्नुभयो । तर किनकि हामी आत्मिकी रुपमा अन्धा छौ त्यसकारण हामी आफैले उहाँलाई पाउन सक्दैनौ । बाइबलले भन्दछ, हामी जन्ममै परमेश्वरका शत्रु हौ । हामीले गरेका प्रत्येक पाप गर्दा परमेश्वरको बिरुद्धको शत्रुता हो । प्राचिन समयमा मानिसहरु

परमेश्वरलाई यति धेरै घृणा गर्दथे कि तिनीहरुले परमेश्वर र उहाँको आज्ञालाई प्रतिस्थापन गर्न आफ्नै देवताहरु बनाए । वास्तवमा केही मानिसहरुले उहाँलाई यति धेरै घृणा गरे कि जब ख्रीष्ट संसारमा आउनु भयो तिनीहरुले उहाँलाई मारे । त्यसकारणले गर्दा हाम्रो आत्मा मरेको, अन्धो र परमेश्वरको विरुद्धमा जन्मेदेखि नै द्वन्द गरिरहेको छ । हामी आफैले आफैलाई बचाउन त्यहाँ कुनै उपाय छैन् । कुनैपनि मानवले हामीलाई बचाउन सक्दैन् । । हाम्रो परमेश्वर मात्र एक आशा हुनुहुन्छ ।

१. पापपूर्ण २. पापी ३. गर्भधारण ४. आदम, हब्वा
५. प्रारम्भिक पाप ६. मृत ७. इसाईहरु ८. पापपूर्ण
९. अन्धो १०. पापपूर्ण ११. दुष्ट १२. शत्रुहरु १३. पाप
१४. झुठो

# अध्याय एकको जाँच

१. हामी ................ मा जन्मिएको छौ जो हामीले हाम्रो आमा बुवाबाट पैत्रृकरुपमा पाएका छौ ।

२. यो पैत्रृकरुपमा पाएको पापलाई .................... ................ भनिन्छ ।

३. हामीले पो पाप पैत्रृकरुपमा .................... र ......................... बाट पाएका हौ जो पहिलो मानव हुनुहुन्छ ।

४. हामी आत्मिकरुपमा मृत भएको कारणले हामी इसाई हुने ................... गर्न सक्दैनौ ।

५. हामी आत्मिरुपमा अन्धो भएको कारणले परमेश्वरले हाम्रो सामु राखिदिनु भएको अति महान आशिषहरु .................... ....................... देख्न सक्दैनौ ।

६. हामी आत्मिकरुपमा परमेश्वरको ................... भएकोले हामी उहाँको बिरुद्धमा जीवनभरी पाप गर्दछौ ।

७. प्रत्येक ..................... परमेश्वरको बिरुद्धको शत्रुता हो ।

८. हामीमा भएको पैत्रतृक पापको कारणले हामी आफैले ................. कुनै उपाय छैन् ।

पेज नं. ६४ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

अध्याय–दुई

# फेरि जन्मिनु

हामीले अघिल्लो अध्यायम सिकी सक्यौ, हामी जन्मदा खेरी नै हाम्रो अवस्था कसरी आशा रहित थियो । बाइबलले भन्दछ, हामी पापमै जन्मियौ । त्यो चाहिँ परमेश्वरमा मृतक अन्धो र परमेश्वरको विरुद्धको शत्रु भएर जन्म जस्तै हो । । यो भन्नाले के बुझिन्छ भने हामी आफैलाई फर्केर इसाई हुनलाई केहि गर्न सक्दैनौ । जसरी मृत मानिसहरुले आफैलाई जिवीत पार्न सक्दैनन् र अन्धा व्यक्तिहरुले आफैलाई देख्ने बनाउन सक्दैन् । तर एउटा व्यक्ति हुनुहुन्थ्यो, जो मानिसहरुका लागि ती काम गर्न जानुभयो । त्यो

उहाँले आफ्नो जीवनमा तीन जना मृतकहरुलाई जीवित पार्नु भयो । उहाँले तिनीहरुलाई उठ र आफ्नो घर जाऊ भन्नुभयो र तिनीहरुले त्यसै गरे । उहाँले केहि अन्धा मानिसलाई पनि दृष्टि दिनु भयो र तिनीहरुले पनि दृष्टि पाए । र उहाँ परमेश्वरका शत्रुहरुलाई उहाँको सन्तान बनाउन असल हुनुहुन्थ्यो ।
त्यो व्यक्ति येशू हुनुहुन्छ, जसले पवित्र आत्मा पठाउने भन्नुभयो । उहाँले निकोदेमस भन्ने व्यक्तिलाई बताउनु भयो जो चाहिँ उहाँ कहाँ राती आएको थियो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन ।" ( यूहन्ना ३:५)
यस अध्यायमा हामी कसरी पवित्र आत्माले हामीलाई इसाई बनाउँछ भन्ने कुरा सिक्नेछौ । यस अध्यायको अन्त्यमा तपाई यी कुराहरु जान्नुहुनेछ ।

- फेरि जन्मिनुको अर्थ के हो
- कसरी पवित्रआत्माले हामीलाई बिश्वासी बनाउनुहुन्छ र
- इसाई हुनको लागि एकमात्र उपाय

जब येशूले निकोदेमसलाई फेरि जन्मिने कुराको बारेमा बताउनु भयो । निकोदेमस अलमल पर्‍यो । ऊ अचम्म पर्‍यो कि येशूले के-को बारेमा बोल्दै

हुनुहुन्छ भनेर । निकोदेमसले उहाँलाई भने "मानिस बूढो भइसकेपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटी पसेर जन्मन सक्छ" ? ( यूहन्ना ३:४) येशूले फेरि भन्नुभो उहाँले "पानी र आत्माको जन्म" को बारेमा भन्दै हुनुहुन्छ । जो उहाँ बप्तिस्माको बारेमा कुरा गर्दैहुनुहुन्छ । बप्तिस्माद्धारा हामी फेरि जन्मन सक्छौ ।

बप्तिस्मा जसलाई हामी बिधि भन्दछौ । विधिहरु परमेश्वरले प्रयोग गर्नुभएको त्यो कार्य हो जसले उहाँ बचाउने कार्यको सन्देशलाई बुझाउँछ । हामीले यहाँ सन्देश बुझ्नको लागि कार्यलाई प्रयोग गरेका छौ । कहिले काँहि हामी भन्दछौ, "शब्दहरु भन्दा कामहरु चर्को बोल्दछ" । उदाहरणका लागि: यदि तपाई साँच्चै कसैलाई आदर गर्नुहुन्छ र मन पराउनु हुन्छ, यो तपाई शब्दद्धारा भन्न सक्नु हुन्छ । अथवा ऊ संग हात मिलाउन सक्नु हुन्छ । हात मिलाउने कार्यले पनि शब्दहरुले जस्तै त्यहि कुरा भन्दछ। अथवा सायद तपाई प्रेममा पर्नु भएको होला । तपाई शब्दमा भन्न सक्नुहुन्छ । "म तिमीलाई माया गर्छु" अथवा तपाई आफ्नो प्रेमिकालाई एउटा उपहार दिन सक्नु हुन्छ । दुवै शब्द र कार्यले एउटै कुराको सन्देश दिन्छ । परमेश्वरको सन्देशले हामीलाई यो बुझाउन चाहन्छ कि हाम्रा सबै पाप र अर्धमहरु

धोइएका छन । जब येशू क्रूसमा मर्नूभयो, उहाँले हाम्रा सबै पापको मोल तिरिदिनुभएको छ । परमेश्वरको नजरमा हामी धर्मी र पवित्र भएको छौं कारण येशूले हाम्रो लागि जे गर्नु भयो । बाइबलमा येशूले त्यो भन्नुभएको छ । उदाहरण लागि: एकजना येशूका चेलाहरु मध्ये यूहन्नाले यी बचनहरुलाई लेखेका छन । "उहाँको पुत्र येशूका रगतले हामीलाई सबै प्रकारको पापबाट शुद्ध पार्छ ।" (१यूहन्ना १:७) अर्को ठाउँमा यशैयाको पुस्तकमा परमेश्वर भन्नु हुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं । तिमीहरुका पापहरु सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन् । गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन् । (यशैया १:१८)

१. येशूले निकोदमलाई उ ................ र ........................ ले जन्मिनु पर्दछ ।
२. यि बचनहरुद्धारा उहाँ ........................ को बिधिको बारेमा कुरा गर्दैहुनुहुन्छ।
३. एउटा ....................... त्यो कार्य हो, जसद्धारा परमेश्वर उहाँको बचाउने कार्यको सन्देशलाई बुझाउनु हुन्छ ।

४. परमेश्वरको बचाउने सन्देश त्यो हो कि हाम्रा पाप र अर्धमहरु ................ छन् ।
पेज नं. ३० मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस

हामी बप्तिस्माद्धारा फेरि जन्मेका छौ । पवित्रआत्माले यो बिधि प्रयोग गर्नुहुन्छ ता कि हामी हाम्रा सबै पापपूर्ण कार्यहरु धोइएका छन् भन्ने बुझ्न सकौ । परमेश्वरले बाइबलका धेरै खण्डहरुमा जे भन्नु भएको छ उहाँले हाम्रो बप्तिस्मामा त्यो देखाउनु भएको छ ।

त्यसैले बप्तिस्माका लागि पानी र उहाँको वचन दुवै हुनु पर्छ । पानीले चाहिँ हाम्रा पापहरु कसरी पखालिएका छन् भन्ने देखाउँछ । जसरी पानीले हाम्रो शरीरको मैलो पखाल्छ । त्यस्तै परमेश्वरले पनि हाम्रा पापलाई हामीबाट पखाल्नु भएको छ । तर यो वचन चाहिँ त्यहाँ हुनु पर्छ । नत्रता बप्तिस्मा के-को बारेमा हो

भन्ने थाहा पाउने छैनौ । यदि वचन भएन भने त्यो चाहिँ खाली पानीमा भिज्नु जस्तै हुनेछ । येशूले हामीलाई बाइबलबाट यी शब्द प्रयोग गर्न भन्नु भएको छ ।"पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।"(मत्ती २८:१९)

जब एउटा व्यक्ति बप्तिस्मा लिन्छ, हामी धेरै जसो यी बचनहरु भन्दछौ ।

"म तिमीलाई पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिसमा दिन्छु ।" परमेश्वरले बप्तिस्मा भन्ने बचन बाट एउटा अर्को सन्देश दिन चाहनु भएको छ । सन्देश थाहा पाउनको लागि हामी मोशाको दिनहरुमा हेर्छौं । परमेश्वरले मोशालाई इस्राएलीहरुका पूर्खाहरुको बीचमा कसरी आराधना गर्ने बारेमा निर्देशन दिनु भयो । सेवकले चाहिँ तिनीहरुलाई परमेश्वरको नाउँमा आशिष् दिए । र परमेश्वरले प्रतिज्ञा गर्नु भयो । "यसरी नै तिनीहरुले इस्राएलीहरु माथि मेरो काम कायम राख्नेछन् र म तिनीहरुलाई आशिष् दिनेछु ।" (गन्ती ६:२७)

जब परमेश्वरले उहाँको नाउँ हामी माथि राख्नु भयो । उहाँले हामीलाई आशिष दिने प्रतिज्ञा गर्नु भयो । हाम्रा पापहरु बाट छुटाउने प्रतिज्ञा गर्नु भयो । जब हामीले बप्तिस्मा लिन्छौ उहाँको नाउँ हामी माथि राख्नुभएको छ ।

५. बप्तिस्मामा भएको पानीले कसरी हाम्रा पापहरु ..................... भन्ने देखाउँछ ।

६. बप्स्मिामा .................. .........................
समा वेश भएको हुनु पर्दछ, तब हामी बप्तिस्मा को अर्थ के हो जान्ने छौ ।



फिलीपले इथियोपियाको मानिसलाई बप्तिस्मा दियो ।

७. हामीलाई मानिसहरुलाई ........................ र ........................ र .................... को नाउँमा बप्तिस्मा दिनु पर्दछ ।
८. जब परमेश्वरले हमीमा उहाँको नाउँ दिनुहुन्छ, उहाँले हामीलाई ............... दिने प्रतिज्ञा गर्नुहुन्छ ।
पेज नं. ३० मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

तीतसलाई लेखिएको पत्रमा पावलले परमेश्वरले हाम्रो लागि बप्तिस्मा द्धारा के गर्नु भएको छ भन्ने कुरा बताउँछ । "तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकारणबाट उहाँले हामीलाई मुक्ति दिनु भयो ।" (तीतस ३:५) परमेश्वरले हामीलाई इसाई विश्वास दिनु भयो, र हामी फेरि जन्मियो । हामी अहिले परमेश्वरको परिवारमा जन्मेकाछौ । अर्को ठाउँमा पावलले लेख्छन् । तिमीहरु पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रो हृदयमा पठाई दिनुभयो । जसले "हे अब्बा पिता भनेर पुर्कानु हुन्छ । " (गलाती४:६)

अध्याय एकमा हामीले भन्यो कि मानव जाति आफ्नो पापको कारण मरेको छ । पापमा नै अन्धा भएको छ, र परमेश्वरको शत्रु भएको छ । तर अब

हेर्नुहोस, विश्वास र बप्तिस्माले धेरै ठूलो परिवर्तन ल्याएको बारेमा । हामी पापमै मरेका थियो । हामी बप्तिस्माद्धारा दोस्रो जन्म पाएकाछौ । हामी पापमय अन्धा थियो । हामी बप्तिस्माद्धारा परमेश्वरलाई हाम्रो मुक्तिदाता भनेर हेरौ भनेर दृष्टि दिइएकाछौ । हामी परमेश्वरका शत्रु थियो । बप्तिस्मा हामी उहाँका सन्तान बनेकाछौ ।
पवित्र आत्माले मानिसहरुलाई इसाई बनाउने एकमात्र उपाय बप्तिस्मा होईन् । राख्नुहोस् यो बिधि मात्रै एउटा उपाय हो, जसले हामीलाई परमेश्वरले बचाउनु भएको सन्देशको बारेमा बुझ्काउँछ । केहि व्यक्तिहरु चाहिँ परमेश्वरको बचन बाइबलमा प्रष्ट लेखिएको कुरा पढेर इसाई बन्छन् । अथवा परमेश्वरको वचन कसैले तिनीहरुलाई परमेश्वरको बचन प्रचार गर्दछ । जे भए पनि तिनीहरु बप्तिस्मा लिन चाहन्छन् । येशूले भन्नु भयो कि यो आवश्यक छ । तिनीहरु बप्तिस्माले दिने निश्चयता चाहन्छन् । उसको एउटा पत्रमा पत्रुसले यसलाई छुटै प्रकारले भनेकाछन् । ऊ चाहिँ नोआको जहाज र ठूलो जलप्रलयलाई सम्झिदैछ । उसले चाहिँ यो देखाउन चाहेको छ । त्यही जलप्रलयको पानी जसले सबैलाई डुबायो, नोआलाई बचायो । जलप्रलयको



जलप्रलयको बेला सुरक्षित राखेकोमा नोआले
परमेश्वरलाई धन्यबाद चढाए ।

पानीले चाहिँ यो डुङ्गालाई माथि उचाले ताकि त्यो मरेका र विनाश भएकाहरु भन्दा माथि तैरियोस, तब पत्रुसले लेख्दछन् । "यही पानी बप्तिस्माको एउटा रुप हो । जसले तिमीलाई बचाउँछ । यो शरीरको मैलो हटाए जस्तो होइन तर शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्धारा तिमीहरुलाई बचाउँदछ । "(१पत्रुस ३:२१)

९. जसरी हामी पापमा मरेको बेला बप्तिस्माले परमेश्व्रको पविारमा नयाँ ................ दिन्छ ।
१०. हामी पापमा अन्धा भएको बेला बप्तिस्माले दृष्टि दिन्छ ताकि हामी हाम्रो उद्धारकार्ता ...................... लाई हेर्न सकौ ।
११. हामी परमेश्वरको शत्रुछदै बप्तिस्माले हमीलाई उहाँको .................. बनाउँछ ।
१२. मानिसहरु बप्तिस्मा लनिुभन्दा पहिले इसाई हुन्छन् । जब तिनीहरु ....................... को ...................... सुन्दछन् वा पढ्दछन् ।
१३. पत्रुसले भने कि बप्तिस्माले हामीलाई ................ गर्दछ ।
पेज नं. ३० मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

## अध्याय दुईको समालोचना

येशूले निकोदेमसलाई भन्नु भयो । हामी फेरि जन्मिनु पर्छ, भन्दा उहाँ बप्तिस्माको बारेमा भन्दै हुनुहुन्थ्यो । उहाँले यसलाई पवित्र आत्मा र पानीद्धाराको जन्म भन्नु भयो । बप्तिस्मा एउटा बिधि हो जसमा परमेश्वरले हाम्रा पापहरु क्षमा दिइएकाछन् भन्ने तथ्यलाई हामीमा पार्नुहुन्छ । बिधिहरुले संसारीक कुराहरुलाई प्रयोग गर्दछ । जस्तै: पानी वचनको साथमा । जब उहाँ हाम्रा पापहरुका लागि मर्नु भयो येशूले तिनीहरुलाई धुनुभयो । बप्तिस्मा भएको पानीले हामीलाई त्यही धोइएको कुराको सम्फना गराउँछ । बप्तिस्ममा प्रयोग गरिएको परमेश्वरको वचन चाहिँ परमेश्वरको नाम हो - पिता र पुत्र र पवित्र आत्मा । बप्तिस्मामा उहाँको नाम बोलेर चाहिँ यो सम्फना गराउँछ कि उहाँको उपस्थिति छ । हाम्रा पापको क्षमा संगै उहाँले हामीलाई आशिष दिनुहुनेछ । उहाँले हामीलाई आत्मिक जीवन र आत्मिकी दृष्टि दिनु हुन्छ । उहाँले हामीलाई परमेश्वरका सन्तान बनाउनु हुनेछ ।

मानिसहरु बप्तिस्मा दिनु भन्दा अगाडि मानिसहरु परमेश्वरको वचन सुनेर ख्रीष्टमा विश्वास गरेर आउँछन । तिनीहरु पनि बप्तिस्मा लिन चाहन्छन् । किनभने येशूले भन्नुभयो यो महत्वपूर्ण छ । बप्तिस्मा, बाइबलले भन्दछ, यसले हामीलाई बचाउँछ ।

१. पानी, आत्मा २. बप्तिस्मा ३. बिधिहरु ४. धोईएको
५. धोइएको ६. परमेश्वरको बचन ७. पिता  पुत्र, पवित्रआत्मा
८ आशिष  ९. जन्म, १०. येशू ११. सन्तान १२. बचन,
परमेश्वर १३. बचाउछ ।

## अध्याय दुईको जाँच

१. येशूले निकोदमलाई उ ................ र ........................ ले जन्मिनु पर्दछ ।

२. उहाँ ..................... को बारेमा कुरा गर्दैहुनुहुन्थ्यो ।

३. एउटा ....................... त्यो कार्य हो, जसद्धारा परमेश्वर उहाँको बचाउने कार्यको सन्देशलाई बुझाउनु हुन्छ ।

४. हामीलाई मानिसहरुलाई ......................... र ......................... र .................... को नाउँमा बप्तिस्मा दिनु पर्दछ ।

५. जब हामी बप्तिस्मा लिन्छौ, हामी परमेश्वरको .................... मा फेरि जन्मिन्छौ ।

६. मानिसहरु बप्तिस्मा लनिुभन्दा पहिले इसाई हुन्छन् । जब तिनीहरु ...................... को ...................... सुन्दछन् वा पढ्दछन् ।

७. यि मानिसहरु पनि ....................... लिन चाहान्छन् किनकी येशूले यो आवश्यक छ भन्नुभयो ।

८. पत्रुसले भने कि बप्तिस्माले हामीलाई ................ गर्दछ ।

पेज नं. ६४ मा तपाईका उत्तरहरु जाँच्नुहोस ।

अध्याय–तीन

# जीवित रहनु

जब येशूले निकोदेमसलाई बप्तिस्ममा नयाँ गरी जन्मने बारेमा बताउनु भयो । निकोदेमसलाई अझै पछि पनि बुझ्न गाह्रो भयो । येशू यो देखेर चकित हुनु भयो र भन्नु भयो । "तिमी इस्राएलका गुरु हौ । र पनि तिमी यी कुरा बुझ्नदैनौ ? " (यूहन्ना ३:१०)

येशू चाहिँ साधारण प्रकारले हामीलाई नयाँ गरी जन्मनु भनेको के हो भनि बुझाउन बोल्दै हुनुहुन्छ । हामीले निरन्तर रुपमा सोच्नु पर्छ । कि हाम्रो इसाई

विश्वास चाहिँ हामी भित्रको नयाँ जीवन हो । यसले हामीलाई कसरी त्यस जीवनलाई जीवित राख्दछ भनी बुझाउँछ ।

तपाई देख्नु हुन्छ, जब तपाई जन्मनु भयो । कोही पनि भन्दैनन्, "ल अब त्यो अन्त्य हो" र तपाइलाई एक्लै छोड्दैन । तपाईको त्यो नयाँ जीवनमा चाहिँ हेरचाह गरिएको हुनु पर्छ । नतत्रा त्यो मर्नेछ । तपाइलाई चाहिँ खाना खुवाएको हुनु पर्छ । र संरक्षण गरी राखिएको र स्याहार-सुसार गरेको हुनु पर्छ । नत्रता तपाई मर्नु हुनेछ ।

नयाँ इसाई विश्वासी जीवन पनि यस्तै तरिकाले हुन्छ । तपाईले बप्तिस्मा लिए यो भन्नु मिल्दैन ।"ठीक छ हामीहरु त्यहाँ छौ, म अब ख्रीष्टियान भइसके!" र त्यसको बारेमा बिर्सिदिने । विश्वासलाई पनि हेर विचार गर्नु पर्छ । यस अध्यायमा पवित्र आत्माले हाम्रो विश्वासलाई कसरी जीवित राख्नु हुन्छ भन्ने बारे हामी हेर्छौं ।

यस अध्यायको अन्तम तपाई यी कुरा जान्नु हुनेछ ।

- अनुग्रहका स्रोतहरु के-के हुन,
- प्रत्येक दिन परमेश्वरको वचन कति महत्वपूर्ण छ, र
- प्रभु भोज भनेको के हो ।

जसरी हाम्रो शरीरिक जीवनमा खाना चाहिन्छ त्यसरी नै नयाँ विश्वासी जीवनमा पनि खाना चाहिन्छ । बाइबलले यी कुराहरुलाई धेरै ठाउँमा भन्दछ । एउटा ठाउँमा, हामी पढ्छौ "यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस नत्रता त्यो लड्नेछ ।" (१कोरिन्थी १०:१२) ।

एक जना येशूको चेला पत्रुसले कसरी हाम्रो विश्वासलाई पतित हुन बाट बचाउने भनेर हामीलाई भन्नुभएको छ । "यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दृष्ट मानिसहरुको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ । तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाऔ । उहाँलाई अहिले र सदासर्वदा महिमा होस् । (२ पत्रुस ३:१७-१८)

पत्रुसले भने झै बढ्दै जानलाई हामीलाई कुनै किसिमको खाना चाहिन्छ । हामीलाई हाम्रो विश्वासको लागि भोजन चाहिन्छ । परमेश्वरले हाम्रो लागि त्यो खाना दिनु हुन्छ । हाम्रो विश्वास क्षमामा जिउँछ । जहाँ पनि परमेश्वरले हाम्रा क्षमाहरुको निश्चयता दिनुहुन्छ, यो नै हाम्रो विश्वास जीवित राख्ने खाना हो ।

यसप्रकारले क्षमा दिईनका लागि हामी सँग यी नामहरु छन ।

हामी यिनीहरुलाई अनुग्रहको स्रोत भन्दछौं । अनुग्रह भन्नाले परमेश्वरको क्षमा दिने प्रेम हो । त्यो प्रेम जसले परमेश्वरलाई उद्धारकर्ताको रुपमा येशूलाई पठाउन लगायो । स्रोत चाहिँ साधनको लागि प्रयोग गरिने अर्को शब्द हो ।
अनुग्रहको स्रोत चाहिँ साधन हुन । जुन चाहिँ परमेश्वरले हामीलाई क्षमा दिने प्रेमको निश्चय गर्नलाई प्रयोग गर्नु भएको छ । तिनीहरुले हाम्रो विश्वासलाई जीवित राख्नेछन् ।

१. बाइबलले हाम्रो बिश्वासलाई .................. नदिन चेतावनी दिन्छ ।
२. बिश्वासलाई जिवीत राख्न परमेश्वरले यसको लाीग ...................... दिनुहुन्छ ।
३. हाम्रो बिश्वासको लागि “खाना” ....................... हो ।
४. अनुग्रह चाँहि परमेश्वरको क्षमादिने ..................... हो ।
५. अनुग्रहको श्रोतहरु उहाको क्षमा दिने प्रेमको निश्चयताको लागि ..................... हुन् ।
पेज नं. ४३ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

पहिले यि साधनहरु, वा अनुग्रहको साधन चाँहि बाइबल आफै हो । प्रत्येक पटक बाइबल पढदा वा सुन्दा परमेश्वरले हाम्रो बिश्वासलाई जिवीत राख्नुहुन्छ । एकपटक येशूले भन्नुभयो कि उहाँको बचनहरु हाम्रो निम्ति जीवन हुन् । तपाइको बिशवासलाई जिवीत राख्नको लागि दिनदिनै बचन पढ्नुहोस ।

पहिले मोशाको दिनहरुमा परमेश्वरले मानिसहरु उहाँको वचन उनीहरुको जीवनको एउटा ठूलो अंग बनाउन अनुरोध गर्नु भयो । तिमीहरुले मेरा यी वचनहरु आफ्ना मन र हृदयमा राख । ती आफ्ना हातमा र निधारमा चिन्हहरु स्वरुप बाँध । आफ्नो घरमा बस्दा, बाटोमा हिंड्दा, ढल्कँदा र उठ्दा तिमीहरुले तिनीहरुका विषयमा चर्चा गरेर आफ्ना छोरा–छोरीहरुलाई सिकाओ । आफ्ना घरका द्धारको चौकोस र मूल ढोकाहरुमा ती लेख । (व्यवस्था ११:१८–२०)

मोशाले परमेश्वरको वचनको बारेमा लेखेका कुराहरु गर्ने धेरै तरिकाहरु छ्न ।

कोही मानिसहरु सधै बाइबल पढ्छ । तिनीहरु पहिले शुरु गर्छन अथवा एउटा सु-समाचार (येशूको जीवन कथा) र त्यसलाई केहि मिनेट प्रेत्यक दिन पढ्छन । कोही चाहिँ छोटो प्रवचनको प्रयोग गरेर प्रार्थना

गर्छन । कोही चाहिँ बाइबलका पदहरुको बारेमा लेखेर शुरु गर्छन । आवश्यक बाइबलका कक्षाहरु लिने र आराधनाको सेवकाई गर्ने अनि अर्को तरिका हो ।

६. पहिलो अनुग्रहको साधन .................... हो ।
७. हामीले परमेश्वरको बचन प्रत्येक ................... पढ्नुपर्दछ ।
८. आराधना बाइबलको पदमा आधारित भएको छोटो ................ हुन् ।
९. हामी बाइबलका ........................ र ............................ मा सहभागी हुनु पर्दछ ।
पेज नं.४३ मा तपाईका उत्तरहरु जाँच्नुहोस ।

हामीले बिधिहरुलाई अगाडिको अध्यायमा समावेश गरिसकेको छौ । बिधि यस्तो कार्य हो । जसद्धारा हामीलाई परमेश्वरले बचाउनु भएको सन्देश बुझाउनुहुन्छ । येशूले ती मध्ये हामीलाई दुई वटा दिनु भएको छ । हामीले पवित्र बप्तिस्माको बारेमा पहिले सिकी सकेका छौ र अर्कोलाई चाहिँ प्रभु भोज भन्दछ ।
उहाँको मृत्यु हुनु भन्दा अगाडिको राती येशू आफ्ना चेलाहरु सित भोजमा हुनु हुन्थ्यो । यो चाहिँ एउटा विशेष भोज, जसलाई हामी निस्तार चाड भनिन्छ ।

निस्तार चाडको भोजले यहूदीहरुलाई मोशाको दिनमा परमेश्वरले कसरी दासत्व बाट बचाउनुभयो भन्ने बारे सम्झना गराउँछ । तिनीहरुले भोज खाइरहेको बेला येशूले रोटी लिनु भयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, “लेओ, खाओ, यो मेरो शरीर हो ।” तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, “तिमीहरु सबैले यसबाट पिओ । किनकि यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ । (मत्ती २६:२६-२८)

निस्तार चाडले यहूदीहरु कसरी दासत्वबाट छुटकारा पाए भन्ने कुराको सम्झना गराउँछ । प्रभु भोजले चाहिँ हामीलाई हाम्रो पापको कारण अनन्तको मृत्युबाट कसरी बचाइयौ भन्ने कुराको सम्झना गराउँछ । येशू हाम्रो पापको कारण मर्नु भयो । उहाँको शरीर क्रूसमा टाँगियो र हामीलाई यो रोटीले त्यसैको सम्झना गराउँछ । उहाँको रगत बहाइयो अथवा रगत बगाउनु र यो दाखरसले त्यसको बारेमा बताउँछ ।

तर रोटी र दाखरस बाहेक त्यहाँ धेरै कुरा छन । येशूले भन्नु भयो “यो मेरो शरीर हो । यो मेरो रगत हो ।” आश्चर्यपूण तरिकाले हामी वास्तमा रोटी र दाखरस खान भन्दा पहिले उहाँको शरीर र रगत

खान्छौ । उहाँले हामीलाई हाम्रा पापहरु क्षमा गरिएका छन् भन्ने निश्चय दिन त्यो दिनु भयो । यो अचम्मको कार्य हो । जसलाई हामी व्याख्या गर्न सक्दैनौ । कसरी येशूको शरीर रोटीमा र रगत दाखरसमा हुन सक्छ यो व्याख्या गर्न असम्भव छ । तर उहाँले त्यसलाई त्यस्तै हो भन्नु भयो र हामी उहाँलाई विश्वास गर्न सक्छौ । उहाँ परमेश्वरको पुत्र हुनु हुन्छ । उहाँ झूटो मात्र नबोल्ने होईन तर जतिबेला हामी प्रभुभोज खान्छौ, उहाँसित यो आश्चर्यकर्म गर्ने सामर्थ छ ।

मण्डलीमा त्यसै प्रभु भोजलाई हामी आराधना सेवाहरुमा दिइन्छ ।

र धन्यवाद दिनुभए पछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरुका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" (१कोरिन्थी ११:२४)

जब हामी उहाँको मृत्युलाई सम्झन्छौ, हामी हाम्रा पापहरुको क्षमाको लागि येशूको मृत्यु जितेको किसिमले त्यसको सम्झना गर्छौ । त्यो क्षमामा नै प्रभु भोजले हाम्रो विश्वासलाई जीवित राख्दछ ।



येशूले भन्नुभयो, यो लेओ र खाओ यो मेरा शरिर हो ।

१०-प्रभु भोजको अर्को नाम पवित्र........................ हो ।
११-येशूले यो बिधि आफ्ना चेलाहरुलाई उहाँको ................ अगाडिको राती दिनु भयो ।
१२-उहाँले भन्नु भयो हाम्रा लागि दिईएको रोटी उहाँको .............. हो ।
१३- उहाँले भन्नु भयो दाखमस चाहिँ उहाँको ............. हो र जो चाहिँ हाम्रा पापहरुको क्षमाको लागि बगाइयो ।
१४- प्रभु भोजले हाम्रो विश्वासलाई प्रभुको ............. जीवित राख्दछ ।
पेज नं. ४३ मा तपाइका उत्तरहरु जाँच्नुहोस ।

## अध्याय तीनको समालोचना

जब हामी फेरि जन्मिन्छौ, हामी बिश्वासको नयाँ जीवन प्राप्त गर्दछौ । तर त्यो जीवनलाई खुवाउनु र हेरचाह गर्नु पर्दछ अन्यथा त्यो जीवन मर्नेछ । परमेश्वरले हाम्रो बिशवासलाई मर्नबाट बचाउन हामीलाई अनुग्रहको साधनहरु दिनुभएकोछ । अनुग्रहको साधनहरु ति श्रोतहरु हुन, जसद्धारा परमेश्वर उहाँले हाम्रा सबै पापहरु क्षमा गर्नुभएको छ भन्ने निश्चयता दिनुहुन्छ । एउटा साधन, पवित्र बप्तिस्मा जसको बारेमा अध्याय दुईमा पहिल्यै छलफल गरिसकेका छौ । अर्को साधन परमेश्वरको बचन बाइबल हो । जब हामी यो पढदछौ अथवा कसैले हामीलाई प्रचार गरेका सुन्दछौ वा बाइबलका कक्षाहरुमा सहभागी हुन्छौ वा आराधना सेवामा सहभागी हुन्छौ, परमेश्वरले हाम्रो बिश्वास बलीयो बनाउन उहाँको बचनको प्रयोग गर्नुहुन्छ ।

येशूले उहाँ मर्नुभन्दा अघिल्लो राती प्रभुभोजको स्थापना गर्नुभयो । उहाँले रोटी लिनुभयो र चेलाहरुलाई दिदै यो उहाँको शरिर हो भन्नुभयो । तब उहाँले तिनीहरुलाई दाखरस लिनुभयो र तिनीहरुलाई यो उहाँको रगत हो भन्नुभयो । उहाँले तिनीहरुलाई भविश्यमा उहाँको सम्झनामा निरन्तर यो गर्नु भन्नुभयो । प्रभुभोजमा येशूले रोटी र दाखरस

सित उहाँको साँचो शरिर र रगत दिनुहुन्छ । जब हामी खान्छौ र पिउँछौ, तब हामी उहाँ क्रुस टाङ्गीनु भएको कुरा र हाम्रो पापको लागि कसरी रगत बहाउनु भयो भन्ने कुरा सम्झना गर्दछौ । उहाँ कसरी मर्नुभयो र हाम्रा पापहरु क्षमा गरिनेछन् भन्ने सम्झना गर्दछौ । यसरी प्रभुभोजले हाम्रो बिश्वासलाई जिवीत राख्छ ।

१. मर्नु २. खाना ३. अनुग्रहको श्रोतहरु ४. प्रेम ५. साधनहरु ६. बाइबल ७. दिन ८. प्रबचन ९. कक्षाहरु, आराधना सेवा १० सहभागिता ११-मर्नु १२-शरीर १३-रगत १४-क्षमा गरिएका

# अध्याय - तीनको परीक्षा

१-त्यो खाना जसले चाहिँ हाम्रो विश्वासलाई जीवित राख्दछ, त्यसलाई ............... .................. ...................... भनिन्छ ।(तीन शब्द)

२-अनुग्रह चाहिँ परमेश्वरको क्षमा दिने ...........हो ।

३- अनुग्रहको श्रोतहरु उहाको क्षमा दिने प्रेमको निश्चयताको लागि ..................... हुन् ।

४-अनुग्रहका तीन वटा श्रोतहरु .................... , .................., र ............. .................. हुन् ।

५-हाम्रो विश्वासलाई जीवित राख्न, हामीले .......... ............... परमेश्वरको वचन सुन्नु र पढनु पर्छ ।

६-येशूले प्रभु भोज उहाँ ......... भन्दा अघिल्लो राती स्थापना गर्नुभयो ।

७-रोटी सँग, येशूले हामीलाई उहाँको साँचो ................... र दाखरस सँग उहँको ................ दिनुहुन्छ ।

८-प्रभु भोजले पनि हाम्रा पापहरु क्षमा भएकाछन् भन्ने ............. दिलाउँछ ।

पेज नं. ६४ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।



पिताले आफनो पुत्रलाई क्षमा गरेर अङ्गालो हाल्यो र घरमा स्वागत गरयो ।

अध्याय–चार

# विश्वासको नयाँ जीवन जिउनु

प्राय :धेरै मानिसहरु यो विचार गर्छन कि इसाई हुनु चाहिँ मृत्यु पछिको असल दिने कुरा को लागि मात्र हो भन्ने विचार गर्छन । सायद तिनीहरु भन्छन् होला, “इसाईहरु स्वर्ग जान पाउँछन् । त्यो सबै ठीकै हो । तर एउटा निश्चित समयमा, हामी यस पृथ्वीमा बस्छौ । अहिले हामीमा यो इसाई विश्वासले के असल कार्य गर्दछ ?”

पवित्र आत्मासँग हामीहरुका लागि धेरै आशिष्हरुछन् । आउने जीवनमा मात्र उहाँले हामीलाई आशिष् दिनु हुन्न तर उहाँले हाम्रो यस जीवनमा नै आशिष् दिन चाहनु हुन्छ । उहाँले हामीलाई हाम्रो जीवनमा धेरै खुशी र आनन्द ल्याउने जीवन जिउनलाई सहायता गर्न चाहनु हुन्छ ।

यस अध्यायमा तपाई सिक्नु हुनेछ :

- विश्वासी जीवन के जस्तै छ, र
- पवित्र आत्माले हामीलाई त्यो जीवन जिउन कसरी सहायता गर्नु हुन्छ ।

फेरि फेरि बाइबलले पापीहरुलाई पश्चात्ताप गर्ने भन्दछ । त्यो शब्द, पश्चात्ताप यसको अर्थ चाहिँ हामी हाम्रो दिमागमा चित्रण गर्न सक्छौ । यो भनेको फर्कनु हो । हामी हाम्रो जीवनलाई विभिन्न मार्गमा हिडेको जस्तै कल्पना गर्न सक्छौ । पापीहरु चाहिँ पापीको मार्गमा हिडिरहेकाछन् । जसले चाहिँ नरकको मृत्युमा पुर्याउँछ । परमेश्वर सबैले फर्केको चाहनु हुन्छ । यसको मतलव, पापी मार्गलाई छोडेर र अनन्त जीवन दिने बाटोमा हिडेको उहाँ चाहनु हुन्छ ।

जब पवित्र आत्माले हामीलाई येशूमा विश्वासमा ल्याउँनुहुन्छ । उहाँले हामीलाई अनन्त जीवनको बाटोमा डोर्याउनु हुन्छ । त्यतिबेला जब हामी हिड्दै जाँदा, उहाँले हामीलाई सीधा बाटोमा हिड्नलाई सहायता गर्नु हुन्छ । यदि अर्को बाटोतिर फर्किन खोज्यो भने उहाँले हामीलाई फेरि सीधा बाटोमा डोर्याउनु हुन्छ ।

१–पश्चात्ताप शब्दको अर्थ चाहिँ सही बाटोमा ...................... हो ।

२–हाम्रो जीवन चाहिँ बाटोमा हिँडिरहेको जरुतै हो, पापीहरुको मार्गले चाहिँ ................ मृत्युमा पुर्याउँछ ।

३–जब हामी इसाई बन्दछौ, पवित्र आत्माले हामीलाई त्यस्तो बाटोमा डोर्याउनु हुन्छ । जसले ......................मा पुर्याउँछ ।

पेज नं. ५७ मा हेरी तपाईको उत्तर जाँच्नुहोस् ।

बाइबलका धेरै खण्डहरुछन् जसले हामीलाई विश्वासी जीवन के हो भनेर प्रष्ट रुपमा बताउँछ, स्र्वगको बाटो पनि यस्तै हो । यदि तपाईले नयाँ नियममा प्रेरित पावलको सबै पत्रहरुको अन्तिम अध्यायमा हेर्नु भयो भने तपाईले बाइबलका यस्ता खण्डहरु भेटनु हुन्छ । पावलले जुन व्यक्तिहरुलाई पत्र लेख्थ्यो ।

तिनीहरु लामो समय देखि इसाई भएका थिएनन्
तिनीहरुलाई सही मार्गमा रही रहनु लागि धेरै सहयोग चाहिन्थ्यो । उदाहरणको लागि एफिसीको अन्तिम पत्रमा पावलले यो भनेकाछ्न् ।
"अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाइएका छौ । ( एफिसी४: ३०)
पवित्र आत्मा हामीले असल जीवन बिताएकाै चाहनु हुन्छ । र उहाँले हामीलाई यो कसरी गर्ने भन्नु हुन्छ । एफिसीकै अध्यायमा उहाँले हामीलाई भन्नु हुन्छ । यसकारण झूट त्यागेर हरेकले आ–आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एउटा अर्काका अङ्गहरु हौ । एफिसी४:२५)

चोर्नेले अब उसो नचोरोस् । बरु उसले परिश्रम गरोस् । उसले आफ्नो हातले इमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरुलाई दिन सकोस् । एफिसी४:२८

सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरुले त्यागिदेओ । जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्काप्रति कोमल मनका र दयालु होओ ।

कलस्सीको पत्रको अन्त्यमा उहाँले त्यही पवित्र आत्मामा धेरै कुरा भन्नु हुन्छ ।
यसकारण तिमीहरुमा जो सांसारिक स्वभावका कुराहरु छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो । ( एफिसी४:३१–३२)

एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक–अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरुलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरुले पनि क्षमा गर्नुपर्छ । (कलस्सी३:१३)

४–र्स्वगको बाटो के जस्तै छ भन्ने बारेमा प्रस्ट बताउने एक जना बाइबल लेखक................ हुन ।
५–यो सल्लाह तपाईले उसको नयाँ नियमको पत्रहरुमा .................... पाउनु हुनेछ ।
६–पावलले भन्दछन् हामीले पवित्र आत्मालाई ................ पार्नु हुँदैन ।
पेज नं.५७ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस् ।

अवश्य यो मानिसहरुलाई उनीहरुले कसरी जिउनु पर्छ भन्नु पर्ने कुरा हो । तिनीहरुलाई त्यो गर्न लगाउनु चाहिँ अर्को कुरा हो । पवित्र आत्माले हामीलाई व्यवस्था र निर्देशन मात्र होईन् त्यो पालन गर्नलाई शक्ति दिनु हुन्छ ।

पावलले परमेश्वरको सहायताको बारेमा यी बचन लेख्नु हुन्छ ।
किनकि तिमीहरुलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ । (फिलिप्पी२:१३)
अर्को शब्दमा हामी पवित्र आत्मामा भर पर्छौ, आफैमा होइन । हाम्रो विश्वास बचाइ राख्नको लागि हामी उहाँमा भर पर्छौ । सत्य कुरा चाहिँ के हो भनी बचाउने विश्वासको लागि हामी उहाँमा भर पर्छौ । र उहाँले हामीलाई विश्वासको ईश्वरीय जीवन जिउने बनाउनु हुनेछ । र उहाँले त्यो कसरी गर्नु हुनेछ ?
त्यही साधन जसद्धारा उहाँले हामीलाई विश्वासमा ल्याउनु भयो र हाम्रो विश्वास बलियो बनाउनुहुन्छ । अनुग्रहका स्रोतहरु:

सायद हामी सोच्न चाहन्छौ होला बप्तिस्मा मात्रै एउटा बाटो हो, जसले हामीलाई इसाई बनाउँछ । तर पावलले भन्दछन् त्यो बप्तिस्माले हामीलाई विश्वासमा राख्छ र  विश्वासको नयाँ जीवन सहायता गर्छ ।जसरी रोमीहरुलाई आफ्ना पत्रमा भन्दछ ।

के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं । हामी जान्दछौ कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔ । किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ । यसकारण शरिरका अभिलाषा अनुसार चल्नु नपरोस भनि तिमीहरुका मरणसिल शरिरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरिरका अङ्गहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई सर्मपण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरु जस्तै आफैलाई

परमेश्वर कहाँ दिईहाल, र शरिरका अङ्गहरुलाई धार्मिकताका साधन जस्तै परमेश्व्रकहाँ समर्पण गर । ( रोमी ६:३-७ र १२,१३)

जब हामी सम्झन्छौ । बप्तिस्मा भन्नाले हाम्रो पापको मृत्यु हो । हामी अब कुनै पाप गर्न चाहन्दैनौ । जब हामी विश्वासको नयाँ जीवनमा बौरी उठेका छौ भन्ने सम्झन्छौ, परमेश्वरलाई हामी कसरी खुशी र प्रसन्न पर्ने चाहना गर्दछौ ।

७-पवित्र आत्माले हामीलाई उहाँको आज्ञाहरु पालन गर्नको लागि ............ दिनु हुन्छ ।
८-पवित्र आत्माले हामीलाई बचाउने विश्वासमा रहने बनाउन ........... हुन्छ ।
९-हामीलाई पवित्र आत्माको जीवन जिउने बनाउन पवित्र आत्माले .............. ............... को प्रयोग गर्नु हुन्छ ।
१०-बप्तिस्मा भन्नाले हाम्रो................. को लागि मृत्यु भन्ने बुझिन्छ, जसरी खीष्ट मर्नुभयो ।
११-जसरी खीष्ट जीवनमा उठ्नु भयो । त्यसैले हामी पनि .................. को नयाँ जीवनमा उठेकाछन् ।
पेज नं.५७ को तल हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

उस्तै प्रकारले प्रभु भोजले पनि विश्वास को जीवनमा आउनमा सहायता गर्छ । येशूले भन्नु भयो अक्सर गरेर हामी यो पवित्र भोजलाई उहाँको सम्झनामा खानु पर्छ । जब हामी परमेश्वरले हामीलाई बचाउनका लागि गर्नु भएको दुःख सम्भिन्छौ, उहाँलाई खुशी पर्ने जीवन जिउन चाहन्छौ । एउटा इसाईले प्रभु भोजबाट टाढा रहेर पाप गर्नु असम्भव हुन्छ । परमेश्वरको बचन जसले हामीलाई परमेश्वरको मार्गमा हिड्न र बिश्वासको नयाँ जीवन जीउन सहायता गर्दछ ।

परमेश्वरले चाहे अनुसार जिउनका लागि दश आज्ञाहरु महान सहयोगी हुन् । यसरी नै डाँडाको उपदेश मत्ती पाँच, छ, र सात अध्यायमा पाउँदछौ । अवश्य जब तपाई यो विश्वासको जीवन जिउन प्रयास गर्नु हुनेछ, शैतानले चाहिँ तपाईलाई यो छोडेर पापको बाटोमा फर्काउन प्रयास गरिरहनेछ । त्यसकारण पवित्र आत्मा तपाई सँग बस्नु हुनेछ । बाइबलको एउटा ठाँउमा पवित्र आत्मा तपाई सँग यस प्रकारले बोल्नु हुन्छ कि तपाई उहाँको सिपाही हुनु हुन्छ । र उहाँ तपाईका आत्मिक हतियार निरक्षण गर्नुहुन्छ र तपाई यूद्धको लागि तयार हुनुहुन्छ कि भनेर हेर्नुहुन्छ । दियादलसका युक्तिहरुका बिरुद्धमा खडाहुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । यसकारण

आफ्ना कम्मर सत्यताले कसेर, धार्मिकताको छातिपाटा लगाएर खडा होओ । र खुट्टामा पितलापको सुसमाचारका जुत्ता लगाएर खडा होओ । साथै बिश्वासको ढाल उठाओ । जसबाट तिमीहरु दुष्टका सबै अग्नीवाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ र पवित्रआत्माको तरवार लेओ । जो चाँहि परमेश्वरको बचन हो । (एफिसी ६:११,१४-१७)

हामीलाई चाहिने सबै सहायता परमेश्वरको वचनमा पाईन्छ । उहाँको सत्यताले तपाईलाई पट्टी जस्तै समात्नेछ । उहाँको मन्जुरी र क्षमाले तपाईको हृदयमा पाप सोच्नबाट बचाउनेछ । विश्वास चाहिँ शैतानको परिक्षाबाट बचाउने वस्तु हो ।

१२-जब हामी प्रभु भोज खान्छौ हामी यो चाहिँ येशूको................ गर्छौ ।

१३-................ ........................ चाहिँ विश्वासी जीवन जिउनलाई निर्देशन दिने चीज हो, जसरी येशूको धार्मिक वचन जुन चाहिँ मत्तीको पाँच, छ र सात ................... को उपदेशमा पाइन्छ ।

१४-अर्को ठाँउमा पवित्र आत्माले हामीसँग यसरी बोल्नु हुन्छ कि हामी चाहिँ शैतानसँग यूद्ध गर्न गइरहेका ............ हौ ।

पेज नं. ५७ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

## अध्याय चारको समिक्षा

बाइबलले पापीहरुलाई पश्चात्ताप गर्न भनीरहन्छ, त्यो भनेको चाहिँ मृत्यु र पापको बाटो बाट फर्केर विश्वास र जीवनको बाटोमा हिड्नु हो । पवित्र आत्माले मात्र हामीलाई त्यो बाटोमा राख्न सकिन्छ । र त्यसले मात्र त्यसमा राख्न सक्छ । बाइबलका धेरै लेखकहरु जस्तै प्रेरित पावलले पनि धेरै पटक उनको पुस्तक पढनेहरुलाई पवित्र आत्माले उनीहरुलाई कसरी जिइएको चाहनु हुन्छ भनेर बताएका छन । उनले तिनीहरुलाई पवित्र आत्माले मात्रै जिउनको लागि शक्ति दिनु हुन्छ भन्ने कुरा सम्झना गराए । वास्तवमा पवित्र आत्माले मात्रै परमेश्वरले चाहेको जस्तो जीवन जीउने अकांक्षा दिन सक्नुहुन्छ । अनुग्रहका स्रोतले पनि हामीलाई विश्वासी जीवन जिउनलाई सहायता गर्छन । हाम्रो बप्तिस्माले यो

सम्झना गराउँछ, जसरी ख्रीष्ट हाम्रो पापको लागि मर्नु भयो । अब हामी उहाँ सँग एक भएको छौ र अब हामी कुनै पाप गर्न चाहँदैनौ । बप्तिस्ममा हामी ईश्वरीय नयाँ जीवनमा बौरी उठेकाछौ । प्रभु भोजले चाहिँ येशूले हाम्रो लागि कसरी दुःख भोग्नु भयो भन्ने कुराको सम्झना गराउँछ । र हामीलाई उहाँको निम्ति जिउने बनाउँछ जो चाहिँ हाम्रो निम्ति मर्नु भयो । बाइबलका धेरै पेजहरुमा विश्वासको जीवन जिउनका लागि हामीलाई निर्देशन दिइएका छन् । उहाँको दश आज्ञाहरु र डाँडाको उपदेश दुईवटा उदाहरण हुन । परमेश्वरले चाहिँ हामीलाई उहाँको वचनद्धारा शैतानको जालबाट टाढा रहेको चाहनुहुन्छ । सिपाहीको हतियार जस्तै हामी परमेश्वरको वचन प्रयोग गर्न सक्छौ । यसले चाहिँ शैतानको जाल र आक्रमणबाट बचाउनेछ र यसले हाम्रो विश्वासलाई जीवित राख्नेछ ।

१. फर्कनु २. नरक ३. स्वर्ग ४ पावल ५ अन्त ६ दुःखलाग्नु वा रीस ७ शक्ति ८ चाहनु ९ अनुग्रहका स्रोतहरु १० पाप ११ विश्वास १२ सम्झना १३. दशआज्ञाहरु, डाँडा १४. सिपाहीहरु

# अध्याय–चारको परीक्षा

१–.................... भन्नाले ठीक बाटोमा फर्किने भनिन्छ ।

२–पवित्र आत्माले हामीलाई .............. मा पुर्‍याउने बाटो बाट फर्काउन चाहनु हुन्छ र ..................मा पुर्‍याउने बाटोमा डोर्‍याउन चाहनु हुन्छ ।

३–एउटा बाइबलका लेखक जसले हामीलाई पवित्र जीवन जिउनलाई धेरै निर्देशन दिनु हुन्छ । उहाँ प्रेरित.................. हुन ।

४–पवित्र आत्माले हामीलाई परमेश्वरको नियम अनुसार ................. लाई शक्ति दिनु हुन्छ ।

५–पवित्र आत्माले हामीलाई विश्वासमा रहनलाई ................... बनाउनु हुन्छ ।

६–हामीलाई विश्वासको जीवन जिउने बनाउन पवित्र आत्माले ................. प्रयोग गर्नु हुन्छ ।

७–बप्तिस्मा भन्नाले हाम्रो पापमा मरयौ र ख्रीष्टमा बौरी उठेर विश्वासको नयाँ ........... पाएकाछौ भन्ने हो ।

८–प्रभु भोजमा हामी यो सम्झना गर्छौ कि येशू हाम्रो लागि .................. भयो त्यसैले हामी उहाँको लागि जिउँछौ ।

९–बाइबल सँग विश्वासको जीवन जिउनलाई धेरै निर्देशनहरुछन, जस्तै दश ........... र............ उपदेश ।

पेज नं. ६४ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

# शब्दवली

शायद तपाईले यी शब्दहरुको सूची नजानेको हुन सक्छ ।

| | |
|---|---|
| निश्चय | पूर्णरुपले |
| प्राचीनधेरै | पुरानो |
| मन्जुरी | केही कुरा असल हो भनेर भन्नु,स्वीकृति,अनुमति |
| डुङ्गा | लामो डुङ्गा अथवा प्रलयको समयमा बनाएको जहाज |
| त्याग्नु | केही कुरा वा कुनै व्यक्ति सँग टाढा रहनु |
| इच्छा | चाहना,कुनै वस्तु पाउने उत्सुकता |
| गुनासो | केही कुरामा खुशी नभएको बताउनु |
| गर्भवती | पेटभित्र शिशु विकसित हुनु |
| दोधारमा पर्नु | अलमलिनु, नबुझ्नु |
| विश्वास दिलाउनु | कसैलाई केही कुरा सत्य हो भनेर भन्नु |
| निर्णय गर्नु | कुनै कुराको निश्चित गर्नु अथवा कुनै कुराको टुङ्गो गर्नु |
| निश्चित रुपले | निश्चय, अवश्य |
| व्याख्या गर्नु | केही कुरा यस्तो हो भनेर भन्नु,प्रष्टाउनु |

| | |
|---|---|
| नाश गर्नु | सखाप पार्नु,बिगार, विनाश |
| चेला | पछ्याउनेहरु, विधार्थी |
| शत्रुता | अमित्रता, नराम्रो विचार, दुश्मनी |
| उत्कृष्ट | धेरै राम्रो वा धेरै असल |
| भविष्य | वर्तमान समय पछि आउने समय |
| अनुग्रह | परमेश्वरले क्षमा दिने प्रेम जसले येशूलाई यस संसारमा पठाउनु भयो । हामीलाई बचाउन । |
| गल्ती | केही कुराको भूल, त्रुटि |
| पवित्र बप्तिस्मा | पिता र पुत्र र पवित्र आत्माको नाँउमा पानीमा डुबाउनु । |
| पवित्र भोज | उहाँले हाम्रो लागि दुःख भोग्नु भयो भन्ने सम्झना गराउनका लागि येशूले दिनु भएको शरीरको रुपमा रोटी र रगत । |
| पैतृक सम्पति प्राप्त गर्नु | पहिलेका व्यक्तिहरु बाट केही कुरा ग्रहण गर्नु |
| निर्दोष | केही दोष नभएको |
| निरीक्षण गर्नु | ध्यान दिएर हेर्नु |

| | |
|---|---|
| सल्लाह | शिक्षा दिनु, सिकाउनु अथवा केही कुराको बारेमा ज्ञान दिनु । |
| अनुग्रहका स्रोत | सामग्रीहरु, जुन परमेश्वरले क्षमा दिने प्रेमको बारेमा व्याख्या गर्नका लागि प्रयोग गर्नु हुन्छ । |
| खबर | बोलिएको अथवा लेखिएका शब्द |
| अचम्मको काम | परमेश्वरको शक्तिले गरिएका कामहरु |
| निकोदेमस | यहूदीहरुका अगुवा जो येशू सँग कुरा गर्न एक रात आएका थिए । |
| स्याहार गर्नु | केही खुवाउनु हाम्रो शरीर अथवा आत्ममा |
| उत्पत्ती | केही कुराको सुरुवत अथवा त्यसको स्रोत |
| प्रारम्भिक पाप | हामीले आफ्नो अभिभावक बाट ग्रहण गर्ने पाप |
| भौतिक | तपाईले देख्न सक्ने र छुन सक्ने यस संसारका चीजहरु |
| अमूल्य | ठूलो महत्व भएको चीज |

| | |
|---|---|
| नमान्नु | तपाई केही कुरा ग्रहण गर्नु हुन्न भनेर देखाउनु अथवा भन्नु |
| भर पर्नु | विश्वास गर्नु, निर्भर हुनु |
| दिनु | |
| प्रवचन | बाइबलिया अथवा धर्मको विषयमा बोल्नु |
| आराधना | परमेश्वरलाई प्रशंसा चढाउनु |
| चिच्याहट | जोडले कराउनु, हाास्नु |

# अध्याय जाँचका उत्तरहरु

**जााच पाठ एक**

१. पाप २.–पहिलो पाप ३.–आदम, हव्वा ४.निश्चय गर्नु
५. येशू ख्रीष्ट ६. शत्रुहरु ७.पाप
८. ईसाइहरु वा विश्वासीहरु

**पाठ दुई**

१.पानी, आत्मा २. बप्तिस्मा ३. पश्चात्ताप ४. पिता, पुत्र, पवित्र आत्मा ५. परिवार ६.परमेश्वर, वचन ७. बप्तिस्मा
८. उद्धार

**पाठ तीन**

१.अनुग्रहका स्रोतहरु २. प्रेम ३. सामाग्रीहरु ३. बाइबल, बप्तिस्मा, प्रभुभोज ५. प्रतिदिन ६.मर्नु ७. शरीर, रगत
८. विश्वास

**पाठ चार**

१. पश्चात्ताप २. नरक, र्स्वग वा पाप, परमेश्वर ३. पावल
४. आज्ञा पालन गर्नु ५. आवश्यक हुनु ६. अनुग्रहका स्रोतहरु
७. जीवन ८. मृत्यु ९. करार, पहाड

# अन्तिम परीक्षा

बधाई छ । तपाईले फेरि पनि जन्मनु पर्दछ भन्ने पुस्तकको अध्ययन पूरा गर्नु भएको छ । फेरि एक पटक पुस्तकलाई र अध्याय जाँचलाई विशेष गरेर तपाईले त्रुटिलाई पुनःदोहोर्‍याउनुहोस् । प्रत्येक अध्यायक उदेश्यहरु पनि दोहोर्‍याउनुहोस् ।जब तपाइलाई निश्चित हुन्छ कि तपाई सबै उदेश्यहरु जान्नु हुन्छ । तब तपाई अन्तिम जााचको लागि तयार हुनु हुन्छ । पुस्तक नहेरिकन अन्तिम परीक्षा पूरा गर्नुहोस् । जब तपाईले जााच पूरा गर्नु हुन्छ । तपाइलाई यो पुस्तक उपलब्ध गराउने व्यक्तिलाई अथवा यस पुस्तकको पछाडि भएको ठेगानामा पठाउनुहोस् । तपाई यस पाठ्यक्रमका अरु बाइबल अध्ययन पुस्तकहरु मगाएर पनि पढ्न सक्नु हुन्छ । यदि तपाई तयार हुनु हुन्छ भने, अन्तिम परीक्षा भएको पेजलाई पुस्तक बाट अलग गर्नुहोस् । र किताबलाई राख्नुहोस् । पुस्तक नखोली परीक्षा दिनुहोस् ।

# तपाई फेरि जन्मिनै पर्दछ
## अन्तिम – परीक्षा

१–पछाडि आदम र हव्वाको पाल देखि हामी सबैले ................सारेकाछौ ।

२–किनभने हामी आत्मिक रुपमा ...............,हामी हाम्रो बारेमा आफै खीष्टियन बन्ने कुराको निर्णय गर्न सक्दैनौ ।

३–हामी आत्मिक रुपमा ...........,हामी हाम्रो अगाडि राखिएको परमेश्वरको महान् आशिष्लाई देख्न सक्दैनौ,नाँउ लिएर भन्नु पर्दा येशू खीष्ट

४–किनभने हामी आत्मिक रुपमा परमेश्वरका शत्रु भएकाछौ, हामीले हाम्रो जिवाइमा उहाँको विरुद्धमा..............गरेकाछौ ।

५–किनकि हामीले हाम्रा अभिभावकबाट पैतृक पाप ग्रहण गरेकाछौ, हामी कहिले पनि आफै............बन्न सक्दैनौ ।

६–............र............गरी येशूले हामी फेरि जन्मिनु पर्छ भन्नु भयो ।

७–यसरी पूर्णरुपमा जन्म चाहिँ...........को पश्चात्तापमा हुन्छ ।

८–पश्चात्ताप भनेको त्यो कार्य हो जसमा परमेश्वरले हामीलाई हाम्रा पापहरु...........निश्चय पूर्वक भएको हो ।

९–हामी बप्तिस्मा...........र.........र.........को नाँउमा लिन्छ ।

१०–जब हामी बप्तिस्मा दिइन्छौं, हामी परमेश्वरको .............को सदस्य बन्छौं ।

११–परमेश्वरले हाम्रो विश्वासलाई ...............को .........बाट जीवित राख्छ ।

१२–हाम्रो विश्वासको लागि परमेश्वरले प्रयोग गरेका सामग्रीहरु...............र..........हुन ।

१३–हामीले दिन दिनै ...........पढनु पर्छ र सुन्नु पर्छ ।

१४–पवित्र भोजमा येशूले उहाँको शरीर...........सँग दिनु भयो र उहाँको ............दाखमद्यको रुपमा दिनु भयो ।

१५–बाइबलले हामीलाई ............भन्दछ, त्यो चाहिँ असल बाटोमा फर्कनु हो । परमेश्वरको बाटोमा

१६–.....................ले मात्र हामीलाई परमेश्वरका आज्ञाहरु पालन गर्न शक्ति दिन सक्नु हुन्छ ।

१७–हाम्रो ..............मा हामी पापमा मर्छौं र नयाँ विश्वासको जीवनमा उठ्दछौ ।

१८–पवित्र भोजमा हामी येशू हाम्रो लागि कसरी
................र त्यसले हामीलाई
कसरी.............उहाँको लागि

१९–विश्वासी जीवन जिउनका लागि ................सँग धेरै असल निर्देशनहरु छन ।

कृपया निम्न लिखित जानकारीहरु भर्नुहोस् ।
नामः........ ............. ..........................................।
ठेगानाः................. ........................ ............... ....
................... .................... ................ ...............
यस पुस्तकको बारेमा तपाईको प्रतिक्रिया लेख्नुहोस् ।
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............
................... .................... ................ ...............

Multi-Language Productions
Bringing the Word to the World

**You Must Be Born Again– Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385112**